नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
प्रशासन तथा प्रेस शाखा
सूचना विभाग, तिलगंगा, काठमाडौं

प.सं. : २०७९/८०
च.नं. ३०४

मिति : २०७९/०५/३१

श्री सम्पूर्ण सञ्चारमाध्यमहरू ।

## आ.व. २०७९/८० को छूट तथा नयाँ दर्ता भएका सञ्चार माध्यहरुका लागि दरबन्दी तथा श्रमजीवी विवरण पठाउनेसम्बन्धी अत्यन्त जरुरी सूचना

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ र प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम प्रत्येक वर्ष सञ्चार प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा रहेका दरबन्दीको तहगत विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरुको विवरण प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभाग) समक्ष पठाउनुपर्ने व्यवस्था छ ।

यसै सन्दर्भमा आ.व. २०७९/८० को लागि सञ्चार प्रतिष्ठानमा (पत्रपत्रिका, टेलिभिजन, एफएम रेडियो र अनलाइन माध्यम) स्वीकृत दरबन्दी र श्रमजीवी विवरण यस विभागको वेवसाइट **www.doinepal.gov.np** मा रहेको **अनलाइन सेवा भित्र** रहेको **प्रेस तथा अनलाइन** मार्फत २०७९ असार मसान्तभित्र पठाउनुपर्नेमा सो समयमा पठाउन **छुट तथा नयाँ दर्ता भएका सञ्चार माध्यमहरुले मिति २०७९ असोज मसन्तभित्र** तपसिलबमोजिम पठाउनुहुन अनुरोध छ ।

**तपसिल**

१) प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम आगामी आ.व. २०७९/८० का लागि विभागमा बुझाउने दरवन्दी र श्रमजीवी विवरण विभागको वेभसाइट www. doinepal.gov.np मा गई **अनलाइन सेवा** भित्र रहेको **प्रेस तथा अनलाइन** मार्फत भर्नुपर्नेछ । तर, चालू आबको लागि दरबन्दी र श्रमजीवी विवरण भरिसकेका सञ्चार माध्यमले भने पुनः भर्नु पर्ने छैन ।

२) आ.व. २०७९/८० का लागि निर्धारण गरिएको दरवन्दी विवरण एकैपटक बुझाउनु पर्नेछ । विवरणमा उल्लेखित रिक्त पदमा भने पछि श्रमजीवी नियुक्त गरी पेश गर्न सकिनेछ ।

३) **५ जनाभन्दा बढी दरबन्दी** भएको सञ्चारगृहहरुले दरबन्दी विवरण पठाउँदा निम्न विवरण **अनिवार्य** भरेको हुनुपर्ने,
   (क) तलवी विवरण Pay Roll को प्रमाणित
   (ख) तलब भुक्तानीको लागि सम्बन्धित बैंकलाई लेखिएको वैंकद्वारा प्रमाणित पत्र,

४) सञ्चार प्रतिष्ठानहरुले सञ्चार माध्यम दर्ता प्रमाणपत्र र सो प्रमाणपत्र नवीकरण गर्नुपर्ने भएमा नवीकरण भएको प्रमाणपत्र अनलाइन सेवामा नै **अनिवार्य** अपलोड गर्नुपर्ने छ ।

५) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ५ को व्यवस्था अनुसार कुल दरबन्दीको १५ प्रतिशत मात्र करार सेवामा नियुक्त गर्न सकिने छ ।

६) तोकिएको ढाँचा भन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन ।

७) विवरण भर्दा सावधानीपूर्वक यथार्थ विवरण भरी एकिन गरी पठाउनुपर्ने छ । पठाएको दरबन्दी विवरणमा संशोधन हुने छैन, गलत विवरण पठाएमा सम्बन्धित सञ्चार प्रतिष्ठान जिम्मेवार रहनेछ ।

८) विवरण भरिसकेपछि **Confirmation Number** प्राप्त हुनेछ । सो नम्बरबाट विवरण हेर्न, प्रिन्ट गर्न र रिक्त दरवन्दीमा श्रमजीवी थप गर्न, कागजात थप गर्नुपर्ने भए अपलोड गर्न सकिनेछ । **Confirmation Number** सुरक्षित राख्नुहोला ।

२०७९/०५/३१
गंगा पौडेल
शाखा अधिकृत

**बोधार्थः**
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**बोधार्थ तथा कार्यार्थः**
श्री हुलाक निर्देशनालय/कार्यालय (सबै)
श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम ।
श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम ।
श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं : तहाँ अन्तर्गत सम्पूर्ण जिल्ला शाखा र सञ्चार प्रतिष्ठानहरुलाई जानकारी गराइदिनुहुन ।